उत्कृष्ट पुनरागमनमा हेटौंडालाई उपाधि

ललितपुर, वैशाख २६ (नागरिक)- उत्कृष्ट पुनरागमन गर्दै हेटौंडा उपमहानगरपालिकाले बुधबार प्रकाश दाहाल स्मृति पहिलो बाग्मती अन्तरपालिका भलिबल प्रतियोगिताको उपाधि जितेको छ।

ललितपुरको महाङ्काल गाउँपालिकास्थित महाकाल माविको प्रांगणमा बुधबार हेटौंडाले फाइनलमा मकवानपुरकै थाहा नगरपालिकामाथि ३-२ को कठिन जित निकाल्दै उपाधि उचालेको हो। हेटौंडाले आफ्नै जिल्लाको प्रतिद्वन्द्वी थाहाविरुद्ध पहिलो दुई सेट गुमाउन पुग्यो। थाहाले पहिलो दुई सेट २५-२१ र २५-१७ ले आफ्नो बनायो। यससँगै थाहा उपाधिनजिक पुग्यो। तर, दुई सेटले पछि परेको स्थितिमा पनि हेटौंडाले उत्कृष्ट पुनरागमन गऱ्यो। यस क्रममा हेटौंडाले क्रमशः तेस्रो सेट २५-१६ र चौथो सेट २५-१५ ले आफ्नो बनायो। यससँगै सेटमा २-२ को बराबरी भएपछि खेल निर्णयका लागि पाँचौं सेटतर्फ धकेलियो।

तर, पाँचौं सेटमा हेटौंडाले एकपक्षीय प्रदर्शन गर्दै पूर्ण दबाब बनायो। यस क्रममा उत्कृष्ट कमब्याक गरेको हेटौंडाले यो सेट १५-४ ले सहजै आफ्नो पक्षमा पार्दै रोमाञ्चक जितसहित उपाधि उचालेको हो। प्रतियोगिताको सेमिफाइनलमा पराजित महाङ्काल गाउँपालिका र घ्याङलेख गाउँपालिका तेस्रो भए। उपाधि विजेता हेटौंडाले तीन लाख र उपविजेता थाहा नगरपालिकाले दुई लाख रूपैयाँ प्राप्त गरे। तेस्रो टोली महाङ्काल र घ्याङलेखले समान एक लाख रूपैयाँ पुरस्कार पाए। यसअघि बुधबार नै भएको सेमिफाइनलमा थाहाले घरेलु टोली महाङ्काल गाउँपालिकालाई हराएको थियो।

हेटौंडाले भने मंगलबार नै सिन्धुलीको घ्याङलेख गाउँपालिकालाई ३-१ को सोझो सेटमा हराउँदै फाइनलमा स्थान बनाएको थियो। राष्ट्रिय रेफ्री श्रीराम बोगटी र जितेन्द्र श्रेष्ठले दिएको जानकारीअनुसार थाहा नगरपालिकाका विष्णु क्षत्री उत्कृष्ट खेलाडी घोषित भए। उपाधि विजेता हेटौंडाका सुजन चोखाल उत्कृष्ट सेटर र उत्कृष्ट लिबेरोमा हेटौंडाका राजन दर्लामी मगर घोषित भए। महाङ्काल गाउँपालिकाका जीवन सुनार उत्कृष्ट ब्लकर भए। उपाधि विजेता हेटौंडाका पुष्प मैनाली उत्कृष्ट प्रशिक्षक भए।

विधागत उत्कृष्ट सबैले समान ५० हजार रूपैयाँ पुरस्कार पाए। विजेतालाई आयोजक टोलीकी संयोजक डोल्मामाया गोलेलगायतले पुरस्कार प्रदान गरे। १६ टोलीले प्रतिस्पर्धा गरेको प्रतियोगिताको क्वार्टरफाइनलसम्म बेस्ट अफ थ्री र सेमिफाइनलदेखि बेस्ट अफ फाइभमा प्रतिस्पर्धा भएको थियो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' का छोरी ज्ञानी दाहाल र छोरा प्रकाश दाहालको स्मृतिमा स्थापित प्रज्ञा स्मृति प्रतिष्ठानको आयोजनामा प्रतियोगिता सञ्चालन भएको हो। प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद् र प्रदेश खेलकुद विकास परिषद्, बाग्मती प्रदेशको सहयोग रह्यो। नेपाल भलिबल संघको प्राविधिक सहयोग र ललितपुर जिल्ला खेलकुद विकास समिति सहआयोजक रहेको थियो।

रोहितको क्लब शीर्षमा

काठमाडौं, वैशाख २६ (नागरिक)- नेपाली राष्ट्रिय फुटबल टोलीका स्टार रोहित चन्दको क्लब आरसी ३२ फुटबल एकेडेमी जारी सहिद स्मारक 'सी' डिभिजन लिगको शीर्ष स्थानमा उक्लिएको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा बुधबार स्पोर्ट्स एकेडेमी साँगालाई २-० ले हराउँदै आरसी ३२ शीर्ष स्थानमा उक्लिएको हो। आरसी ३२ का लागि सुजन बलम्पाकी मगर र सञ्जय सुब्बाले समान एक गोल गरे। जितसँगै आरसी ३२ ले सात खेलबाट १६ अंक जोडेको छ। समान खेल खेलेको साँगा ९ अंकका साथ छैटौं स्थानमा छ। त्यसअघि आरसी ३२ ले खेलको १०औं मिनेटमा नै अग्रता लिएको थियो। सुजनले गोल गर्दै आरसी ३२ लाई अग्रता दिलाएका हुन्। उनले विवश बिसीको बललाई हेडरमार्फत पोस्टको दिशा दिए।

त्यो गोलपछि पहिलो हाफमा आरसी ३२ ले १-० को अग्रता लियो। दोस्रो हाफमा पनि आरसी ३२ ले दोस्रो गोल थप्यो। ६५औं मिनेटमा सञ्जयले गोल गर्दै आरसी ३२ को अग्रता दोब्बर बनाए। पेनाल्टी बक्सबाहिरबाट उनले गरेको प्रहारले जाली चुम्न पुग्यो। त्यसपछिको बाँकी समयमा थप गोल हुन सकेन र आरसी ३२ जित निकाल्दै शीर्ष स्थानमा उक्लिएको हो। बुधबार नै भएको दोस्रो खेलमा झम्सिखेल युवा क्लबले स्वयम्भू क्लबविरुद्ध १-० को कठिन जित निकाल्यो।

एन्फा कम्प्लेक्सको मैदानमा झम्सिखेलका अविनाश चौधरीको एक मात्र गोल जितका लागि पर्याप्त बन्यो। जितसँगै झम्सिखेलले सात खेलबाट १० अंक जोड्यो र पाँचौं स्थानमा उक्लियो। स्वयम्भू भने समान खेलबाट एक अंकका साथ पुछारमा छ। त्यसअघि खेलको २७औं मिनेटमा अविनाशले गोल गरेका थिए। उनले आशिष बमको दिएको बललाई नियन्त्रणमा लिँदै पेनाल्टी बक्सभित्रबाट गोल गरेका हुन्।

कपालीलाई खेलाडी छनोटको जिम्मेवारी

काठमाडौं, वैशाख २६ (नागरिक)- नेपाली राष्ट्रिय टेबल टेनिसका मुख्य प्रशिक्षक राजेन्द्र कपालीले दुई फरक अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने खेलाडीको छनोट गर्ने जिम्मेवारी पाएका छन्।

नेपाली खेलकुदको कार्यकारी निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले कपालीलाई खेलाडीको छनोट प्रतियोगिता सञ्चालन गर्न जिम्मेवारी दिएको हो। सदस्यसचिवस्तरीय निर्णयानुसार दुवै प्रतियोगिताका लागि कपालीको संयोजकत्वमा तीन सदस्यीय खेलाडी छनोट समिति गठन गरिएको छ। सदस्यमा नायब वरिष्ठ टेबल टेनिस प्रशिक्षकद्वय मोहनदास वासुकला र सञ्जीव ढुंगेल छन्। यो समितिले जिम्मेवारी पाएको पहिलो प्रतियोगिता पेरिस ओलम्पिकका लागि हुने दक्षिण एसियाली ओलम्पिक छनोट प्रतियोगिता हो। यस किसिमको प्रतियोगिता नेपालमै पहिलो पटक हुँदै छ। यो छनोट प्रतियोगिता वैशाख ३१ देखि जेठ २ गतेसम्म हुनेछ। प्रतियोगितामा नेपालसहित बंगलादेश, माल्दिभ्स, पाकिस्तान र श्रीलंका गरी पाँच राष्ट्रबाट समान दुई पुरुष/महिला गरी १० खेलाडीले प्रतिस्पर्धा गर्नेछन्।

यो समितिको अर्को जिम्मेवारी दक्षिण एसियाली जुनियर टेबल टेनिस प्रतियोगिताका लागि छनोट हो। नेपाली खेलाडीको छनोट प्रतिस्पर्धा जेठ ३ देखि ५ गतेसम्म हुनेछ।

सहाना स्मृति भलिबल असार दोस्रो साता

काठमाडौं, वैशाख २६ (नागरिक)- प्रथम सहाना प्रधान स्मृति पुरुष तथा महिला भलिबल प्रतियोगिता असारको दोस्रो सातादेखि हुने भएको छ।

नेपाल भलिबल संघको व्यवस्थापन तथा सहाना प्रधान प्रतिष्ठानको आयोजनामा असार ९ गतेदेखि उक्त प्रतियोगिता हुने भएको हो। साताव्यापी हुने प्रतियोगिताका खेलहरू त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा खेलाइनेछ। प्रतिष्ठान र भलिबल संघबीच उक्त प्रतियोगिताका बुधबार पत्रकार सम्मेलनमा सम्झौतासमेत भएको थियो। प्रतिष्ठानकी अध्यक्ष रामकुमारी झाँक्री र भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले सो सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए। भलिबल संघले प्रतियोगिताको व्यवस्थापन र प्रतिष्ठानले आर्थिक पक्षमा सहयोग गर्ने सम्झौतामा उल्लेख छ।

प्रतियोगितामा पुरुष/महिलामा सात प्रदेशबाट समान सात टोलीले प्रतिस्पर्धा गर्ने भएका छन्। त्यसका लागि सातै प्रदेश भलिबल संघलाई टिम निर्माण गरी सहभागी गराउन आग्रह गर्ने अध्यक्ष चन्दले बताए। पुरुष/महिला दुवैमा सहभागीलाई दुई समूहमा विभाजन गरी लिग कम नकआउटमा आधारमा खेलाइनेछ। पुरुष/महिला दुवैमा विजेताले तीन लाख, उपविजेताले दुई लाख र तेस्रो हुनेले एक लाख नगद पुरस्कार प्राप्त गर्नेछन्। सर्वोत्कृष्ट खेलाडीलाई २५/२५ हजार नगद पुरस्कार प्रदान गरिनेछ। विधागत उत्कृष्टले समान १० हजार नगद पुरस्कार पाउनेछन्।

संघका अध्यक्ष चन्दले कुनै पनि खेलको विकास गर्न ग्रासरुट प्रतियोगिता महत्त्वपूर्ण हुने उल्लेख गर्दै प्रतिष्ठानको सहयोगप्रति आभार प्रकट गरे। उनले प्रतियोगितालाई संघको वार्षिक क्यालेन्डरमा समावेश गर्दै प्रतियोगितालाई निरन्तरता दिने विश्वास व्यक्त गरे। प्रतिष्ठानकी अध्यक्ष झाँक्रीले उमेरसमूहको यो प्रतियोगितालाई वार्षिक क्यालेन्डरमा समावेश गरेकोमा संघलाई धन्यवाद दिइन्। साथै उनले नेपाली राजनीतिकी अग्रज सहानाको योगदानको सम्मानमा प्रतियोगिता आयोजना गर्न लागेको बताइन्।

आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०८१/०१/२७)

रसुवा जिल्ला, गोसाईंकुण्ड गाउँपालिका, वडा नं. १ र २ मा अवस्थित निर्माणाधिन १११ मे.वा. क्षमताको रसुवागढी जलविद्युत आयोजनाको परामर्शदाताको तर्फबाट कार्य गर्न निम्न बमोजिमको प्राविधिक दक्ष कर्मचारीको आवश्यकता परेको हुँदा इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न उल्लेखित ठेगानामा आवश्यक कागजातहरु सहित आवेदन दिनुहुन अनुरोध छ।

सि. नं.	पद	संख्या	शैक्षिक योग्यता	कार्यानुभव	कार्यरत रहने स्थान	पारिश्रमिक रकार्य अवधि
1	Resident Engineer	1	• Minimum Graduate in Electrical Engineering • Masters in any discipline of Electrical Engineering is preferred	• 15-20 Years or above professional experience • 12-15 years or above experience in Hydropower projects including construction management and supervision • Experience as a Resident Engineer with one to two or more Hydropower projects of Installed capacity of 100 MW or above	साइट कार्यालय, रसुवा	आपसी सहमतिमा

सम्पर्क ठेगाना:

1. SMEC International Pty Ltd. Australia
Rasuwagaddhi Hydroelectric Project
Kapan Marg, Ward No. 3, Maharajgunj, Kathmandu, Email: hr@smec.com

२. विद्युत विकास विभाग सानोगौचरण, काठमाडौं)

३५१२४६/०७९/०८०

लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड

हेटौंडा ८, मकवानपुर

विशेष साधारण सभा सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८१/०१/२७

यस लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेडको सञ्चालक समितिको मिति २०८१/०१/२२ को बैठकको निर्णयानुसार यस लिमिटेडको विशेष साधारण सभा यही २०८१/०२/१६ गते बुधबार बिहानको ११:०० बजे हेटौंडा ८, मकवानपुरमा बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई व्यक्तिगत रुपमा पठाइएको पत्र प्राप्त नभएपनि यसै सूचनालाई आधार मानी शेयरधनीको हैसियतले सो साधारण सभामा उपस्थितिको लागि अनुरोध छ।

विशेष साधारण सभाका प्रस्तावहरुः

१. चुक्ता पूँजी बढाउने सम्बन्धमा।
२. सर्वसाधारणमा अंकित मूल्यमा साधारण सेयरको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा।
३. विविध।

साधारण सभा सम्बन्धी अन्य आवश्यक कुराहरुः

क) साधारण सभामा भाग लिन आउँदा आफ्नो परिचय खुल्ने कुनै प्रमाण साथमा हुन अनिवार्य छ।
ख) साधारण सभामा भाग लिन प्रतिनिधी नियुक्ति गर्न चाहने शेयरधनी महानुभावहरुले यस कम्पनीको शेयरधनीहरु मध्ये कसैलाई तोकिए बमोजिमको ढाँचाको (यस कम्पनीको कार्यालयमा उपलब्ध गराइने) फाराम भरी पेश गर्नु पर्नेछ।
ग) शेयरधनी र शेयरधनीबाट नियुक्त प्रतिनिधीले मात्र सभाकक्षको ढोकामा बिहानको १० बजेदेखि खुला राखिने हाजिरी किताबमा साधारण सभा हुनुभन्दा अगाडी नै उपस्थिति जनाई सक्नु पर्नेछ।
घ) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

सम्पर्कका लागि फोन नं. ९८०११५५८२६

प्रवन्ध सञ्चालक
सञ्चालक समिति

ई स्पोर्ट्स संघ नेपालको

अत्यन्त जरुरी सूचना

देशभर कुनैपनि ई स्पोर्ट्स खेलको प्रतियोगिता आयोजना र सञ्चालन गर्नुभन्दा अघि अनिवार्य रुपमा प्रतियोगिताको पूर्ण विवरण सहित ई स्पोर्ट्स संघ नेपालसंग स्वीकृति लिन विभिन्न आयोजक तथा सरोकारवाला पक्षलाई जानकारी गराईन्छ। प्रतियोगिताको निष्पक्षतालाई लिएर राष्ट्रिय खेलकुद परिषद्मा विभिन्न उजुरी आउने गरेकाले ई स्पोर्ट्सका खेललाई थप व्यवस्थित र मर्यादित बनाउन आवश्यक देखिएको छ। राष्ट्रिय खेलकुद विकास ऐन २०७७ को दफा ४५ (१) मा उल्लेख भए अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा सम्बन्धित संघको सिफारिसमा परिषद्को स्वीकृति लिनुपर्ने कानुनी व्यवस्थालाई समेत पूर्ण रुपमा पालना गर्न हुन सम्पुर्णमा सुचित गरिन्छ।

ई स्पोर्ट्स संघ, नेपाल
त्रिपुरेश्वर, काठमाडौं

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, गोंगवु शाखाको २१ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८०/०१/२७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८० साल मंसिर महिना १२ गतेको नागरिक राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

क्र.स	ऋणीको नाम र ठेगाना :
१.	नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, (फर्म तथा अभिलेख ब्यवस्थापन शाखा) कार्यालयमा प्रा.फ.र.नं. १४०५४९/०७४/७५, स्थानिय व्यापार कायम भई मिति २०७४/१२/०४ मा दर्ता भएको काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६, स्थित **मन्सीका सुज एण्ड स्लिपर्स सेन्टर ।**
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :	
१.	मनोरथ तिमसिनाको नाति, राम प्रसाद तिमसिनाको छोरा, झापा जिल्ला, सतासिधाम गा.वि.स./उ.म.न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **डिल्ली राम तिमसिना ।**
२.	बलराम पौडेलको छारी, डिल्ली राम तिमसिनाको श्रीमती, बाँके जिल्ला, वागेश्वरी गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बस्ने **पवित्रा तिमसिना ।**
धितो सुरक्षणको विवरण :	
१.	**डिल्ली राम तिमसिनाको** नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, बागेश्वरी गा.वि.स/न.पा. वडा नं. २ को कित्ता नं. ३५० को ३५० (ब.मि) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरूः

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौ वा यस बैंकको कुनै शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लेखित चल तथा अचल सम्पत्ती मध्ये आफ्नो इच्छा अनुसार कुनै एक, वा केही वा सबै सम्पत्तीको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सानिमा बैंक लिमिटेडको, केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको उपस्थितिमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लेखित चल/अचल सम्पत्ति को बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौमा वा शाखा कार्यालय गोंगवुमा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूण वक्यौता कर, शुल्क दस्तुर स्वयम् बोलकबोल गर्नेले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन । (धरौटी रकममा कुनै ब्याज प्रधान गरिने छैन)
११. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८१ साल जेष्ठ महिना १६ गते** कार्यालय समयभित्र बोलपत्र फर्म बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८० साल जेष्ठ महिना १८ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौं ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड झापा
कोशी प्रदेश, नेपाल

आन्तरिक आय संकलनको लागि बोलपत्र/शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०१/२७

स्थानीय सरकार संचालन ऐन २०७४ तथा बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त कार्यविधी २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आगामी आ.व. २०८१/०८२ को लागि बार्षिक उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित शर्त बमोजिमको समयमा बोलपत्र/शिलबन्दी दरभाउपत्र बिद्युतीय माध्यमबाट (इ-विडिङबाट) खरिद तथा दाखिला गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	ठेक्का विवरण	न्यूनतम ठेक्का अंक बार्षिक (मू.अ.कर सहित)	धरौटी रकम	बोलपत्र/शिलबन्दी दरभाउपत्र दस्तुर	बोलपत्र/दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति
BTMMUN/REVENUE/NCB-19/080/81	टेक बहादुर गिरी बसपार्क पार्किङ शुल्क तथा पूर्वाधार उपयोग सेवा शुल्क	५८,४९,०००/-	कबोल अंकको ५%	३०००/-	२०८१/०२/२७ गते दिनको १२ बजे भित्र
BTMMUN/REVENUE/SQ-20/080/81	वहाल बिटौरी शुल्क (सार्वजनिक जग्गामा लाग्ने दैनिक तथा साप्ताहीक हाटबजार)	५,१२,०००/-		१०००/-	२०८१/०२/११ गते दिनको १२ बजे भित्र
BTMMUN/REVENUE/SQ-21/080/81	कवाडी कर (कबाडी सामाग्रीमा लाग्ने कर)	१५,००,०००/-		३०००/-	२०८१/०२/११ गते दिनको १२ बजे भित्र

शर्तहरु

१. इच्छुक बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले फर्म/कम्पनीको दर्ता/नवीकरण प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र पेश गरी तोकिएको समय भित्र बोलपत्र/शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।
२. बोलपत्र/शिलबन्दी दरभाउपत्रको दस्तुर बापतको रकम फिर्ता हुनेछैन।
३. इ-विडिङमा पर्न आएका बोलपत्र/शिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजेपछि बोलपत्र/ शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्र/शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र/शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
४. बोलपत्र फारम खरिद बापतको रकम यस कार्यालयको एन. आइ. सि. बैङ शाखा विर्ताबजार हि.न २४६२०५००२८३५४००२ को आन्तरिक राजश्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर विद्युतीय माध्यमबाट पेश गर्नुपर्नेछ।
५. बोलपत्र/शिलबन्दी दरभाउपत्रमा उल्लेखित कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी बापत यस कार्यालयको एन.आइ. सि. बैक शाखा विर्ताबजारको हि.न २४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट बोलपत्रको हकमा १२० (एक सय बिस) दिन र शिलबन्दीको हकमा ७५ दिन म्याद भएको विडवण्ड बोलपत्र/ शिलबन्दी दरभाउपत्रसाथ दाखिला गर्नुपर्नेछ।
६. ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण bolpatra.gov.np/egp तथा विर्तामोड नगरपालिकाको वेबसाइट birtamodmun.gov.np बाट लिन सकिनेछ। बोलपत्र/शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पूरा गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल